# स्थानीय राजपत्र


## फिक्कल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ३ मितिः २०७९।०४।२७


## फिक्कल गाउँपालिकाको मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** प्रचलित कानून बमोजिम न्यायीक समितिलाई प्रदत्त गरिएका विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्नका लागी मेलमिलाप कार्यसञ्चालन कार्यविधिको व्यवस्था गर्न वाञ्छनिय भएकोले न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ९३ बमोजिम न्यायीक समितिले मेलमिलाप कार्यसञ्चालन कार्यविधि तयार गरी फिक्कल गाउँ कार्यपालिकाद्वारा यो मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७९ लागु गरिएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि फिक्कल राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले फिक्कल गाउँपालिकाद्वारा जारी गरिएको मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७९ सम्झनुपर्छ।

(घ) "मेलमिलाप केन्द्र" भन्नाले फिक्कल गाउँपालिकाद्वारा स्थापना गरिएको वा मेलमिलाप सम्बन्धी काम गर्न अनुमति प्राप्त गैर सरकारी संस्थाद्वारा स्थानीय तहसँग समन्वय गरी स्थापना गरिएको सामुदायीक मेलमिलाप केन्द्र समेतलाई सम्झनु पर्छ।

(ङ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ।

(च) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ बमोजिम स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा गठित न्यायिक समिति सम्झनु पर्छ।

(छ) "पक्ष" भन्नालेविवादका पक्षहरु सम्झनु पर्छ।

(ज) "पहिलो पक्ष" भन्नाले विवाद समाधानको लागि न्यायिक समिति तथा मेलमिलाप केन्द्रमा निवेदन दिने व्यक्ति सम्झनु पर्छ।

(झ) "दोस्रो पक्ष" भन्नाले पहिलो पक्षको निवेदनको आधारमा मेलमिलापको लागि न्यायिक समिति तथा मेलमिलाप केन्द्रले बोलाएको विवादको पक्ष सम्झनु पर्छ।

(ञ) "विवाद" भन्नाले न्यायिक समिति तथा मेलमिलाप केन्द्रमा दर्ता रहेको

विवाद सम्झनु पर्छ।

(ट) "मेलमिलाप" भन्नाले पक्षहरुले मेलमिलापकर्ताको सहयोगमा विवाद वा मुद्धाको निरुपण गर्न अपनाइने प्रकृया सम्झनु पर्छ।

(ठ) "मेलमिलापकर्ता" भन्नाले पक्षहरु बीचको विवादलाई छलफल गराई सहज वातावरण सृजना गर्न तथा सो विषयमा सहमति कायम गर्नका लागि उत्प्रेरित गर्न यस कार्यविधि बमोजिम नियुक्त मेलमिलापकर्ता सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्दछ।

(ढ) "प्रमाणपत्र" भन्नाले मेलमिलापकर्ताको रुपमा काम गर्न मेलमिलाप परिषद् वा परिषदद्वारा अनुमति प्राप्त संस्थाद्वारा प्रदान गरिएको प्रमाणपत्र सम्झनु पर्छ।

(ण) "गाउँपालिका" भन्नाले "फिक्कल गाउँपालिका" सम्झनुपर्छ।

(त) "अध्यक्ष" भन्नाले फिक्कल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(थ) "उपाध्यक्ष" भन्नाले फिक्कल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(द) "वडा" भन्नाले फिक्कल गाउँपालिकाको वडा सम्झनु पर्छ।

(ध) "वडाअध्यक्ष" भन्नाले फिक्कल गाउँपालिकाको वडाअध्यलाई सम्झनु पर्छ।

(न) "सभा" भन्नाले फिक्कल गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(प) "कार्यपालिका" भन्नाले फिक्कल गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

**३. उद्देश्यः**यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) मेलमिलाप सम्बन्धी कार्यलाई सरल र सहज तवरले सञ्चालन गर्न सहयोग पुऱ्याउनु।

(ख) स्थानीय स्तरमा शान्ति, सौहार्दता र मेलमिलाप कायम गर्न सहयोग पुऱ्याउनु।

(ग) मेलमिलाप केन्द्रहरुको प्रभावकारी तवरले सञ्चालन तथा व्यवस्थापन गर्नमा सहयोग पुऱ्याउनु।

## परिच्छेद– २

## मेलमिलाप केन्द्रको स्थापना एवम् मेलमिलाप केन्द्रकोकाम, कर्तब्य र अधिकार

**४. मेलमिलाप केन्द्रको स्थापनाः**(१) मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधानमा सहयोग पुऱ्याउनफिक्कल गाउँपालिका र प्रत्येक वडामा न्यायिक समितिको परामर्शमा फिक्कल गाउँपालिकाले तोकेको स्थानमा मेलमिलाप केन्द्र रहनेछ।

**५. मेलमिलाप केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) मेलमिलाप केन्द्रको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) विवादका पक्षबाट विवादसँग सम्बन्धित विषयको निवेदन लिने, दर्ता गर्ने।

(ख) विवादका पक्षहरुलाई मेलमिलाप बारेजानकारी दिने।

(ग) सूचीकृत मेलमिलापकर्ता मध्येबाट विवादका पक्षहरुलाई मेलमिलापकर्ता छनौट गर्न लगाउने।

(घ) मेलमिलाप प्रक्रियामा सहजीकरण गर्ने।

(ङ) विवादको निवेदन, अन्य कागजात तथा सहमती पत्रको अभिलेख राख्ने।

(च) सहमती हुन नसकेको विषय कानुन बमोजिम सम्बन्धित कार्यालयमा पठाउने।

(छ) सहमति कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने तथा पक्षहरुको आपसी सम्बन्धबारे जानकारी लिने।

(ज) स्थानीय वासिन्दालाई मेलमिलाप सेवा प्रयोग गर्न अभिप्रेरित गर्ने।

(झ) मेलमिलापकर्ताको क्षमता अभिबृद्धिसम्बन्धी आवश्यक कार्यहरु गर्ने।

(ञ) मेलमिलाप सेवाको प्रचार प्रसार गर्ने।

(ट) मेलमिलापसँग सम्बन्धित निकायबाट तोकिएका अन्य कामहरु गर्ने।

**६. मेलमिलाप केन्द्रमा हुन पर्ने आधारभूत सुविधाहरुः**(१) केन्द्रमा हुन पर्ने आधारभूत सुविधाहरु देहाय बमोजिम हुनेछन्ः–

(क) मेलमिलाप सत्र सञ्चालनका लागि गोपनीय र सुरक्षित स्थानको

व्यवस्था।

(ख) मेलमिलापकर्ता, विवादका पक्षहरु एवं सरोकारवालाहरुको सुविधाको लागि मेलमिलाप कक्षमा आवश्यक कुर्सी, टेबल लगायत पर्याप्त स्थानको व्यवस्था।

(ग) सूचिकृत मेलमिलापकर्ताको नाम, ठेगाना र फोटो सहितको सूची र मेलमिलाप केन्द्र चिनाउनका लागि साईन बोर्डको व्यवस्था।

(घ) विवादका पक्षहरुको लागि स्वच्छ पिउने पानी तथा शौचालयको व्यवस्था।

(ङ) विवाद दर्ता निवेदनको फारम र विवाद दर्ता गर्ने रजिष्टर, मेलमिलापकर्ता रोजेको रेकर्ड राख्नको लागि फारम, दोस्रो पक्षलाई ट जानकारी गराउने फारम, मेलमिलापकर्तालाई जानकारी गराउने फारम, मिलापत्रको फारम, प्रगति प्रतिवेदन फारम, अभिलेख राख्न रजिष्टर लगायतका अन्य मसलन्द सामाग्रीहरुको व्यवस्था।

## परिच्छेद– ३

## मेलमिलाप सेवाको व्यवस्थापन

७. **मेलमिलापकर्ताको सुचिकृत/छनौट प्रकृया:**(१) फिक्कल गाउँपालिका स्तरीय ÷ वडा स्तरीय मेलमिलाप केन्द्रमा आवश्यक संख्यामा मेलमिलापकर्ता रहनेछन्।

(२) मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता सुचिकृत गर्दा समावेसी आधारमा अनुसूची—१ बमोजीमको ढाँचामा गरीनेछ।

(३) मेलमिलापकर्ता सुचिकृत गर्दा कम्तिमा ३३ प्रतिशत महिला हुनु पर्नेछ।

(४) यो कार्यविधि लागू हुँदा योग्यता पुगेका कार्यरत मेलमिलापकर्ताहरु सूचीकृत गर्न सकिनेछ।

(५) फिक्कल गाउँपालिका वा न्यायिक समितिले मेलमिलापकर्ताको रुपमा सेवा प्रदान गर्ने व्यक्तिलाई छनौट गर्दा मेलमिलाप सम्बन्धी तालिम प्राप्त स्थानीय समुदायमा सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु, सेवा निवृत्त राष्ट्र सेवक, शिक्षक, प्राध्यापक, स्थानीय समाजसेवीहरु

लगायत सामाजिक सेवाको काम गर्न प्रतिबद्ध र तत्पर व्यक्तिहरुलाई समावेशिताको आधारमा प्राथमिकता दिनुपर्नेछ।

८. **मेलमिलापकर्ताको योग्यता:** (१) देहायको व्यक्ति मेलमिलापकर्ता हुन योग्य हुनेछः–

(क) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको तथा

(ख) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको।

(ग) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको

(घ) २५ बर्ष उमेर पुरा भएको।

(ङ) तर, माथी खण्ड (क) मा योग्यता सम्बन्धि जुनसुकै कुरा लेखिएको भएतापनि न्यायीक समितिमा दर्ता भएका तथा न्यायीक समितिद्धारा स्थापना गरिएका मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरुमा मेलमिलाप कार्य गराउनका लागी आठ कक्षा उत्रिर्ण गरेको र मेलामिलाप सम्बन्धि तालिम सञ्चालन गर्न अनुमती प्राप्त संस्थाबाट तालिम लिई खण्ड (ख), (ग), (घ) र (ङ) बमोजीमको योग्यता भएका व्यक्तिलाई वा यो ऐन प्रारम्भ हुनुपूर्व मेलमिलाप सम्बन्धि तालिम लिई हाल काम गरिरहेकाको हकमा वा प्रचलित कानुन वमोजिम सामुदायिक मेलमिलापकर्ताको रुपमा काम गर्दै आएका मेलमिलापकर्तालाई सूचीकृत गर्न वाधा पुर्याएको मानिने छैन।

९. **मेलमिलापकर्ताको चयन प्रकृया**ः(१) मेलमिलाप केन्द्रले सम्झौतामा मेलमिलापकर्ताको संख्या तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा पक्षहरुको सहमतिबाट १ जना र सहमती हुन नसकेमा पक्षहरुले रोजेका १/१ जना र मेलमिलापकेन्द्रबाट १ जना छनौट गरि बढीमा ३ जना मेलमिलापकर्ताको संख्या निर्धारण गरिनेछ।

(२) मेलमिलाप गराउँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका र प्रचलित कानून बमोजीम मेलमिलाप गराउन हुने विवादहरु न्यायिक समितिले तोकेका सूचिकृत मेलमिलापकर्ताबाट मेलमिलाप गरिनेछ।

(३) विवादका पक्षहरुले मेलमिलाप केन्द्रमा मेलमिलाप गर्नको लागि

निवेदन गरेमा सुचिकृत मेलमिलापकर्ताहरुद्वारा मेलमिलाप गरिनेछ।

**१०. मेलमिलापकर्ताहरुले ध्यान दिनुपर्ने कुराहरु:**मेलमिलापकर्ताले मेलमिलाप गराउँदा देहायका कुराहरु ध्यान दिनु पर्दछ:

(क) मेलमिलाप सत्र संचालन गर्दा उठेका बिषय टिपोट गर्ने र त्यसको अर्थ पक्षहरुलाई बुझाउने।

(ख) विवादमा निर्णय नदिने र आफूलाई निर्णयकर्ता नभई विवाद समाधान प्रकृयाको सहजकर्ता सम्झने र छलफल, वार्ता, संवादबाट विवाद समाधानका लागि सहजीकरण गर्ने।।

(ग) कुनै पक्षलाई जात, जाति, धर्म, वर्ण, लिङ्ग, सम्प्रदाय र राजनीतिक आस्थाका आधारमा भेदभाव नगरी निष्पक्ष र तटस्थ रहने।

(घ) मानव अधिकार संरक्षण र सामाजिक न्यायको बिषयमा संवेदनशील रहने।

(ङ) मेलमिलाप सत्रको समाप्तीपछि सहमति बाहेक लेखेका अन्य टिपोट सम्बन्धी सामाग्री नष्ट गरी गोपनियता कायम गर्ने।

(च) कुनै कानूनी जटिलता आएमा स्थानीय तहको सहयोगमा बिशेषज्ञसँग परामर्श लिएर मात्र कानूनसम्मत रुपमा पक्षहरुबीच सहमति गराउने।

**११. मेलमिलाप सेवाको कार्यविधि:**(१) मेलमिलापको कार्यविधि देहायबमोजिम हुनेछ।

**(क) विवाद दर्ता:** विवादका प्रथम पक्षले मेलमिलापका लागि फिक्कल गाउँपालिकाको कार्यालयमा तथा वडा स्थित मेलमिलाप केन्द्रमा लिखित निवेदन दिन सक्नेछ। कुनै कारणवस लिखित नभई मौखिक रुपमा व्यक्त गरेमा त्यसलाई मेलमिलाप केन्द्रले लिखित रुपमा उतार गरी निजको सहीछाप गराई न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनले तोकिएको ढाँचामा दर्ता गर्नेछ।

**(ख) विवादका पक्षहरुलाई अनुरोध:** न्यायकि समिति/मेलमिलाप केन्द्रले मेलमिलापको प्रकृयामा सहभागी हुन विवादका पक्षहरुलाई मेलमिलाप केन्द्रमा उपस्थित भई आफ्नो तर्फबाट

सूचीकृत भएका मेलमिलापकर्ता मध्येबाट दफा ९ बमोजिमको प्रक्रिया अनुसार छनौट गर्न अनुरोध गर्ने।

**(ग) मेलमिलाप सत्र सञ्चालन:**(१) छानिएका मेलमिलापकर्ताहरुले पक्षहरुसंग समन्वय गरी मेलमिलाप सत्र सञ्चालन गर्ने मिति र स्थान तय गर्नेछन्। विवादका पक्षहरु र मेलमिलापकर्ता पूर्व निर्धारित स्थान, मिति र समयमा मेलमिलाप सत्रमा उपस्थित हुनुपर्नेछ।

(२) विवादका पक्षहरु उपस्थित भइसकेपछि छानिएका मेलमिलापकर्ताहरुले विवादका पक्षहरुलाई सुरक्षित मेलमिलाप कक्षमा गई मेलमिलाप प्रकृया र मेलमिलापकर्ताहरुको भूमिका बारे जानकारी दिने र मेलमिलाप सत्र संचालन हुँदा पालन गर्नुपर्ने आधारभूत नियमहरु निर्धारण गरी मेलमिलाप प्रक्रियाका चरणहरु अपनाउँदै विवाद समाधान गर्न सहजीकरण गर्नेछन्।

(३) मेलमिलाप सत्र आवश्यकता अनुसार एक वा सो भन्दा बढी पटक बस्न सक्नेछ।

(४) मेलमिलाप सत्रलाई व्यवस्थित गर्न पक्षहरुको सहमतीमा मेलमिलापकर्ताले निम्न अनुसारका नियमहरु निर्धारण गर्न लगाउने।

(क) पक्षहरुले आफ्ना कुरा राख्दा पालैपालो राख्ने।

(ख) सभ्य र मर्यादित शब्दहरु प्रयोग गर्ने।

(ग) एक अर्कामा सम्मानजनक व्यवहार गर्ने।

(५) मिलापत्र: सहमती भएमा न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनले तोके बमोजिमको मिलापत्र तयार गरी मिलापत्रको अभिलेख सम्बन्धित मेलमिलाप केन्द्रमा रहेको विवाद दर्ता रजिष्टरमा समेत दर्ता गरी राख्नु पर्नेछ। सो मिलापत्रको एक एक प्रति सम्बन्धित पक्षहरुलाई समेत दिनुपर्नेछ।

(घ) मेलमिलाप गर्ने समयावधि: यस परिच्छेद बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्दा मेलमिलापकर्ता नियुक्ति भएको मितिले तीस दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(ङ) लिखित जानकारी दिने: मेलमिलाप हुन नसकेमा सोही कुरा उल्लेख गरी मेलमिलाप केन्द्रले सम्बन्धित पक्ष र निकायलाई जानकारी दिनु पर्नेछ।

**१२. न्यायिक समितिको मेलमिलाप सम्बन्धी काम, कर्तव्य र अधिकार:**(१) मेलमिलाप सेवा विस्तार र विकासका लागि न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) मेलमिलाप सेवा विस्तार र विकासबारे वार्षिक योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने।

(ख) मेलमिलापबाट समाधान भएका विवादहरुको प्रमाणिकरण गर्ने, सहमती–पत्रको अभिलेख राख्ने र मेलमिलाप सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गराउने।

(ग) मेलमिलाप सेवा सञ्चालनका लागि मेलमिलाप केन्द्र स्थापना र आवश्यक भौतिक सामग्री र मसलन्द व्यवस्थापन गर्न बजेट विनियोजन गराउने।

घ) मेलमिलाप सम्बन्धी तालिमका लागि मेलमिलापकर्ताहरुको छनौट गर्ने र गैरसरकारी संस्था तथा अन्य निकायसंग समन्वय गर्ने तथा तालिम आयोजना गर्न प्राविधिक, आर्थिक तथा अन्य सहयोग पु¥याउने

(ङ) तालिम प्राप्त मेलमिलापकर्तालाई सपथ गराई योग्यता पुगेका मेलमिलापकर्तालाई सूचीकृत गर्ने।

(च) मेलमिलाप सम्बन्धी प्रगति प्रतिवेदन तयार गरी सम्बन्धीत कार्यालयमा राख्ने।

(छ) सहमति कार्यान्वयन गर्ने, गराउने र सहमती कार्यान्वयनको अनुगमन र समीक्षा गर्ने।

(२) मेलमिलापकर्ताले पाउने सेवा सुविधा: पक्षहरुबाट छनौट भएका प्रत्येक मेलमिलापकर्ताले मेलमिलापसभामा वसि विवाद सहजीकरण गरे वापत प्रति सत्र रु. ५००।- (पाँचसय) का दरले यात्रा, खाना र खाजा खर्च स्वरुप फिक्कल गाउँपालिकाबाट प्रदान गरिने छ। तर तीनवटा भन्दा बढी सत्रहरु सञ्चालन गरेको भएपनि तीनवटा सत्रभन्दा बढीको पारिश्रमिक दिईने छैन। यदी मेलमिलापकर्ताले विवाद

मेलमिलाप गराउन सफल भएमा प्रोत्साहन स्वरुप थप रु. १०००।- (एकहजार) फिक्कल गाउँपालिकाबाट प्रदान गरिने।

(३) परिचय पत्र: (१) सुचिकृत भएका मेलमिलापकर्तालाई फिक्कल गाउँपालिकाबाट परिचयपत्रको व्यवस्थ गर्न सक्ने छ।

**१३. वडास्तरीय मेलमिलाप केन्द्रमा वडाध्यक्षको काम, कर्तव्य र अधिकार:** (१) वडा स्तरीय मेलमिलाप केन्द्रमा वडाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) मेलमिलाप केन्द्रमा आएको निवेदन रजिष्टरमा दर्ता गरी, विवादका पक्षको नाम र ठेगाना, छनौट भएका मेलमिलापकर्ताको नाम र सम्पर्क नं., मेलमिलाप सत्र संचालन मिति, सहमतीपत्रको स्पष्ट खुल्ने गरी अभिलेख राख्ने एवं अन्य कागजात सुरक्षित राख्न लगाउने।

(ख) विवादका पक्षहरुलाई मेलमिलाप केन्द्रको तर्फबाट पत्राचार गराउने।

(ग) मेलमिलाप केन्द्रमा आवश्यक भौतिक र अन्य सामाग्रीहरु र न्युनतम सेवा सुविधाहरु सुनिश्चित गराउने।

(घ) मेलमिलाप प्रक्रियाबारे विवादका पक्षहरुलाई जानकारी दिन लगाउने।

(ङ) मेलमिलाप कक्ष र सत्र सञ्चालनको वातावरण बनाउने र सो को व्यवस्थापन गर्ने गराउने।

(च) सहमती भएका वा हुन नसकेका विवादको अभिलेख राख्न लगाउने।

(छ) वडास्तरीय मेलमिलाप केन्द्रको संयोजनकारी भूमिका निर्वाह गर्ने।

**१४. मेलमिलापकर्ताको काम, कर्तव्य र अधिकार:**(१) मेलमिलापकर्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) मेलमिलापको प्रक्रिया अनुसरण गरी सहजकर्ताको हैसियतले विवाद समाधानमा सहयोग पु¥याउने। (ख) विवाद समाधान गर्न सहायता गर्दा न्यायाधीश, मध्यस्थ वा कानूनी सल्लाहकारको भूमिका निर्वाह नगरी सहजकर्ताको मात्र भूमिका निर्वाह गर्ने।

(ग) मेलमिलापको विकास र विस्तारका लागि कार्यरत रहने।

(घ) सहमति कार्यान्वयनमा सहयोग पुन्याउने।

(ङ) मेलमिलाप सत्र सहजिकरण गर्दा डर, त्रास, दवाव र प्रभावबाट मुक्त हुने र विवादका पक्षलाई पनि मुक्त राख्ने।

(च) मानवअधिकार, सामाजिक न्यायको विषयमा सचेत रहने।

(छ) आघातमा परेका वा मनोबैज्ञानिक रुपमा समस्यामा रहेका पक्षहरुलाई मनोसामाजिक परामर्शको लागि पठाउने।

(ज) मेलमिलाप प्रक्रियालाई उचित व्यवस्थापन गर्ने र सहमतीको लागि पक्षलाई स्वतन्त्र रुपमा भुमिका निर्वाह गर्न दिने

(झ) पक्षहरुलाई मेलमिलापको अनुचित प्रयोगबाट हुने नोक्सानीबाट बचाउन सचेत रहने।

(ञ) मेलमिलाप वार्ताको सन्दर्भमा विवादका पक्षहरुबाट व्यक्त भएका कुराको गोपनियता कायम राख्ने।

(ट) आचारसंहिताको पालना गर्ने।

## परिच्छेद – ४

## विविध

**१५. मेलमिलाप नतिजाको अभिलेख व्यवस्थापन:** (१) फिक्कल गाउँपालिकाले मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरु तथा समाधान भएका विवाद र विवादका पक्षहरुको अभिलेख राख्नेछ। अभिलेख राख्नका लागि निम्न अनुसारका अभिलेख/फारामहरु तयार गरी राख्नुपर्दछ :

(क) विवाद दर्ता पुस्तिका,

(ख) विवाद र विवादका पक्षहरुको विवरण खुल्ने गरी तोकिएको फाराम,

(ग) निवेदन पत्रको फाराम,

(घ) दोस्रोपक्षलाई जानकारी गराउने फाराम,

(ङ) मेलमिलापकर्ता छनौट फाराम,

(च) मेलमिलापकर्तालाई सूचना दिने फारम,

(छ) मेलमिलाप केन्द्रमा पक्षहरुको उपस्थितिको अभिलेख फाराम,

(ज) मिलापत्र फाराम,

(झ) अनुसूची - २ बमोजीमको विवाद अनुगमन फारम।

१६. **तालिम सम्बन्धी व्यवस्था:**(१) न्यायीक समितिले मेलमिलाप सम्बन्धी आधारभूत र अन्य तालिम मेलमिलाप परिषदद्धारा निर्धारित पाठ्यक्रम बमोजिम संचालन गर्नु पर्नेछ।

(२) मेलमिलाप सम्बन्धि तालिम प्रदान गर्दा मेलमिलाप परिषदमा सुचिकृत भएका संस्थाहरुबाट गराउनु पर्नेछ।

१७. **मेलमिलाप कोष:**(१) फिक्कल गाउँपालिकामा मेलमिलाप सम्बन्धी कार्य गर्नको लागि छुट्टै एउटा कोष रहने छ र सो कोषमा देहाय बमोजिमको रकम रहनेछ।

(क) स्थानीय सरकारले विनियोजन गरेको रकम।

(ख) नेपाल सरकार र प्रदेश सरकारले विनियोजन गरेको रकम।

(ग) दातृ संस्थाहरुले सहयोग स्वरुप प्रदान गरेको रकम।

(घ) अन्य श्रोतबाट मेलमिलाप सम्बन्धी कार्य गर्न सहयोग स्वरुप प्रदान गरेको रकम।

(२) मेलमिलाप सम्बन्धी कोषमा रहेको रकम खर्च गर्दा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम गर्नुपर्नेछ।

१८. **मेलमिलाप कोषबाट गरीने खर्च:**(क) मेलमिलाप केन्द्र स्थापना, भौतिक व्यवस्थापन, सूचना सम्प्रेषण र मेलमिलाप सम्बन्धी कृयाकलाप संचालन।

(ख) विभिन्न तालिम, जनचेतनामुलक कार्यक्रम र प्रवर्धनात्मक कार्यक्रमहरु संचालन।

(ग) मसलन्द सामग्री व्यवस्थापन।

(घ) मेलमिलाप सत्र र अन्य गतिविधिहरु संचालन।

(ङ) मेलमिलापकर्तालाई मेलमिलाप सत्रसम्म आउने जाने यातायात खर्च।

(च) पिउने पानी, खाजा र चियापानको व्यवस्था।

१९. **लेखा परीक्षण:** मेलमिलाप कोषमा जम्मा भएको र खर्च भएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम गरिनेछ।

**२०. आचार संहिता र सपथ:** (१) यस कार्यविधिको अनुसूची - ३ बमोजिमको आचार संहिता सबै मेलमिलापकर्ताले पालना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिताका अतिरिक्त मेलमिलापकर्ताले मेलमिलापकर्ताको रुपमा निष्ठापूर्वक काम गर्ने सपथ लिनु पर्नेछ। मेलमिलापकर्ताको हैसियतले संलग्न हुन चाहने योग्यता पुगेका मेलमिलापकर्तालाई फिक्कल गाउँपालिकाको न्यायिक समितिका संयोजकबाट अनुसूची - ४ बमोजिमको सपथ लिएपछि सम्बन्धित मेलमिलाप केन्द्रमा मेलमिलापकर्ताको रुपमा सूचीकृत हुनेछन्। मेलमिलाप सपथ र आचारसंहिताको पालन सम्बन्धी अनुगमन फिक्कल गाउँपालिकाले गर्नेछन।

(३) यदि कुनै मेलमिलापकर्ताले सपथ र आचारसंहिता विपरित काम गरेमा त्यस्तो मेलमिलापकर्तालाई न्यायिक समितिले सूचीबाट हटाउनेछ।

**२१. विवादका पक्षहरुको उपस्थिति:** यस कार्यविधि बमोजिम विवादका पक्षहरु तोकिएको मिति स्थान र समयमा उपस्थित हुनु पर्नेछ।

**२२. पक्षहरुको निम्ति मेलमिलापको परिणाम मान्य हुनेः** पक्षहरुको सहमतिपत्रमा उल्लेख भएका कुराहरु समबन्धित पक्षहरुले बाध्यात्मक रुपमा पालना गर्नु पर्नेछ।

**२३. सहमती कार्यान्वयन:** (१) मेलमिलाप केन्द्रमा मिलापत्र भएको मितिले पैंतालीस दिनभित्र सम्बन्धित पक्षले त्यस्तो मिलापत्र कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्बन्धित पक्षले उपदफा (१) बमोजिम मिलापत्र कार्यान्वयन नगरेमा सम्बन्धित पक्षले मिलापत्र कार्यान्वयनको लागि मिलापत्र भएको विषयसँग सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा फिक्कल गाउँपालिकाले प्रचलित कानून बमोजिम त्यस्तो मिलापत्र कार्यान्वयन गरिदिनु पर्नेछ।

**२४. प्रोत्साहन पुरस्कारको व्यवस्था:** मेलमिलाप कार्यक्रममा उल्लेखनीय योगदान दिने व्यक्ति, संघसंस्था तथा मेलमिलापकर्तालाई फिक्कल गाउँपालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ।

**२५. कार्यविधिको प्रयोग:**मेलमिलाप कार्यक्रमलाई सुचारु र समन्वयात्मक रुपमा सञ्चालन गरी सामाजिक सद्भाव, आपसी सहयोग र मैत्रीपूर्ण

परम्परालाई प्रवद्र्धन गर्न यो कार्यविधिलाई फिक्कल गाउँपालिकामा मेलमिलाप सम्बन्धी काम गर्ने अन्य सरकारी संघ संस्था, सामाजिक संघ संस्था एवं समूदायहरुले प्रयोग गर्न सक्नेछन्।

२६. **प्रतिवेदन पेश गर्नुपर्नेः** न्यायिक समितिलेगाउँसभामा अनुसूची–५ बमोजिमको प्रतिवेदन तयार गरी पेश गर्नेछ।

२७. **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार फिक्कल गाउँकार्यपालिकालाई हुनेछ।

२८. **कार्यविधिको प्रयोग**ः मेलमिलाप सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा मेलमिलाप सम्बन्धी प्रचलित नेपाल कानुनमा भएको मेलमिलाप प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

## अनुसूची - १

### (दफा ७ सँग सम्बन्धित)

### फिक्कल गाउँपालिका सूचीकृत मेलमिलापकर्ताको नामावली

| क्र. सं. | नाम थर | ठेगाना | सूचीकृत भएको मिति | नवीकरण भएको मिति | सम्पर्क नं. | फोटो |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची -२
## (दफा १५ को उपदफा १(झ) सँग सम्बन्धित)

**मेलमिलाप अनुगमन फाराम**

| | | | |
|---|---|---|---|
| स्थानीय तहको नाम | फिक्कल गाउँपालिका | जिल्ला | सिन्धुली |
| अनुगमन गरिएको अवधि | .......................देखि................................सम्म | | |
| तालिम प्राप्त कुल मेलमिलापकर्ताको संख्या | | क्रियाशील मेलमिलापकर्ताको संख्या | |
| विवाद दर्ता संख्या | | समाधान भएको संख्या | |
| समाधान हुन नसकी सम्बन्धित निकायमा पठाएको संख्या | | मेलमिलाप प्रकृयामा रहेको संख्या | |
| कैफियत | | | |

| | |
|---|---|
| १. केन्द्रको भौतिक अवस्था: | |
| २. आचार संहिताको पालनाको अवस्था: | |
| ३. विनियोजित बजेट र खर्चको अवस्था: | |
| ४. मेलमिलाप कोषको अवस्था: | |
| ५. मेलमिलापकर्ताको लागि तालिमको | |

| | |
|---|---|
| आवश्यकता: | |
| ६. मेलमिलापकर्ताको पर्याप्तता/अपर्याप्तता: | |
| ७. अनुगमनकर्ताको टिप्पणी:<br>अनुगमनकर्ता १:<br><br>अनुगमनकर्ता २: | |

## अनुसूची–३

### (दफा २०(१) सँग सम्बन्धित)

### मेलमिलापकर्ताको आचारसंहिता

### मेलमिलापकर्ताको आचार संहिता, २०७९

**१. मेलमिलापकर्ताको पेशागत आचरण**

क. मेलमिलाप सम्बन्धी काम कारबाही निष्पक्ष रुपले गर्नु पर्नेछ,

ख. कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह वा सो देखिने कुनै व्यवहार गर्नु हुँदैन,

ग. कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन हुँदैन,

घ. मेलमिलाप सम्बन्धी काम कारबाहीको सिलसिलामा पक्षसँग आर्थिक तथा अन्य स्वार्थजन्य कुनै काम कारबाही वा लेनदेन व्यवहार गर्नु हुँदैन,

ङ. मेलमिलापकर्ताले विवादको विषयवस्तु वा विवादका पक्षहरुसँग अनुचित वा जालसाजपूर्ण तवरले कुनै काम कारबाही गर्नु हुँदैन,

च. मेलमिलापको काम कारबाही वा मेलमिलापको प्रक्रियामा जानाजान त्रुटी वा अनियमितता गर्ने, अनावश्यक रुपमा लम्ब्याउने, ढिलो गर्ने वा मेलमिलाप सम्बन्धी काम कारबाहीमा अभिरुची नदेखाउने जस्ता कार्य गर्नु हुँदैन,

छ. मेलमिलापको क्रममा पक्ष र मेलमिलापकर्ताको वीचमा भएका कुरा र पक्षको परिचय लगायत मेलमिलापकर्तालाई जानकारी हुन आएका तथ्य गोप्य राख्नुका साथै पक्षहरुको हित प्रतिकूल हुने गरी प्रकट गर्नु हुँदैन,

ज. संविधान, कानून, सार्वजनिक नीति र स्थानियअर्ध न्यायिक/ न्यायिक निकायको गरिमा उच्च बनाउँदै पक्षहरुको सामाजिक मर्यादा र आत्मसम्मानलाई सम्मान पुग्ने कार्य गर्नु पर्दछ। विवादका पक्षहरूसँग मेलमिलाप गराईदिए वापत ठेक्का वा प्रतिशतमा पारिश्रमिक निर्धारण नगरि कानुनले तोकेको सिमामा रही पक्षहरुसंगको सहमती

बमोजिमको पारिश्रमिक स्वीकार गर्नु पर्नेछ।

## १.१. मेलमिलाप सम्बन्धी कार्यविधिको पालना गर्नु पर्ने

क. मेलमिलाप सम्बन्धी कार्य संविधान, प्रचलित ऐन कानून र यस कार्यविधि बमोजिम मेलमिलाप प्रकृया संचालन गर्नु पर्नेछ।

ख. कुनै सम्झौतामा मेलमिलापद्वारा विवाद समाधान गरिने व्यवस्था भएमा त्यस्तो विवाद सोही सम्झौतामा उल्लेख भएको कार्यविधी अनुरुप गर्नु पर्नेछ।

ग. पक्षहरु मेलमिलाप गर्न सहमत भएमा मेलमिलापकर्ताले सो व्यहोराको मेलमिलापको लिखत खडा गरी सहमति भएका बूँदाहरू र त्यसको परिणामको बारेमा पक्षहरूलाई स्पष्टसँग बताएर मात्र सो कागजमा पक्षहरुको सहीछाप गर्न लगाई आफ्नो समेत सही गरि सहमतीपत्र तैयार गर्नु पर्छ।

## १.२. मेलमिलापकर्ताको जिम्मेवारीः

क. मेलमिलाप भएमा सहमतीपत्रको कागज सहित तोकिएको समय भित्र विवादका पक्षहरुलाई सम्बन्धित निकायमा पठाइ दिनु पर्नेछ। मेलमिलाप हुन नसकेमा तोकिएको ढाँचामा सम्बन्धित स्थानीय तह समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

ख. मेलमिलापको कार्यविधि अपनाउँदा पक्षहरु बीच मेलमिलाप गराउन नसकिएमा मेलमिलापद्वारा विवाद समाधान नभएको व्यहोराको लिखित जानकारी दिनु पर्नेछ।

## १.३. मेलमिलापकर्ताको दायित्वः

क. मेलमिलापकर्ताले विवादको विषयवस्तुमा छलफल गर्नु अघि मेलमिलापको प्रक्रियामा अपनाइने कार्यविधि, सहमति वा निष्कर्षमा पुग्ने काम पक्षहरु स्वयम्को भएको र मेलमिलापकर्ता सहजकर्ताकोभूमिकामा मात्र रहेको कुरा जानकारी गराउनु पर्छ।

ख. मेलमिलापको प्रक्रियामा भए गरेका कार्य आफूर पक्षले पनि गोप्य राख्नु पर्ने विषय, मेलमिलापको प्रक्रियामा संलग्न भै चित्त नबुझेमा कुनै पनि समयमा अलग हुन पाउने विषयमा पक्षहरुलाई जानकारी गराउनु पर्नेछ।

ग. मेलमिलापकर्ताको रुपमा नियुक्त भएको व्यक्तिले मेलमिलापकर्ता भई काम गर्न नचाहेमा आफूले नियुक्तिको सूचना पाएको सात दिनभित्र सोको लिखित जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

घ. मेलमिलापकर्ता नियुक्त भएको व्यक्तिले मेलमिलाप गर्दा मैत्रीपूर्ण तवरबाट विवाद समाधान गर्न पक्षहरुलाई स्वतन्त्र, तटस्थ र निष्पक्ष भएर सहयोग गर्नु पर्नेछ।

ङ. विवादको विषयवस्तु उपर मेलमिलापकर्ताको कुनै स्वार्थ निहित रहेको भए वा आफुले स्वतन्त्र तथा निष्पक्ष रुपमा काम गर्न नसक्ने प्रकृतिको विवाद भएमा विवादका पक्ष र मुद्दा प्रेषित गर्ने निकायलाई लिखित गराउनु पर्नेछ।

च. लैङ्गिक विभेद, धर्म, जातजाति, आर्थिक स्तर वा राजनैतिक संलग्नताको आधारमा कुनै प्रकारको झुकाव र पूर्वाग्राही भावना नदेखाइ मेलमिलापमा संलग्न हुनु पर्नेछ र निर्धारित समयमा मेलमिलाप कार्य सम्पन्न गर्न प्रयास गर्नु पर्नेछ।

छ. मेलमिलापकर्ताले प्राकृतिक स्रोत साधन सम्बन्धी विवादमा, व्यापारिक प्रकृतिको विवादमा मेलमिलापको प्रकृया, विषयगत दक्षता र तत्सम्बन्धी अभ्यास तथा प्रचलनलाई महत्व दिनु पर्नेछ र सामुदायिक विवादमा मेलमिलाप गर्दा सम्बन्धित समुदायमा उपलब्ध विवाद समाधान सम्बन्धी परम्परा, अभ्यास र स्वीकृत मान्यतालाई ध्यान दिई निष्पक्षता, वस्तुनिष्ठता, स्वच्छता र न्यायका सिद्धान्तबाट सदैव निर्देशित हुनु पर्नेछ।

ज. मेलमिलापकर्ताले आफै मेलमिलाप प्रकृयामा संलग्न भएको मुद्दामा कुनै पनि पक्षको तर्फबाट कानून व्यवसायी, मध्यस्थकर्ता वा न्यायाधीशको रुपमा संलग्न भै विवाद सुनुवाई नगरी सहजकर्ताको मात्र भूमिका निर्वाह गर्ने र मेलमिलापद्वारा भएको विवादको समाधानलाई हारजीतको रुपमा नलिन उत्प्रेरित गर्नु पर्नेछ।

## अनुसूची–४

**(दफा २०(२) सँग सम्बन्धित)**

**मेलमिलापकर्ताको सपथपत्र**

**शपथको ढाँचा**

म............................................. ईश्वरको नाममासत्य निष्ठापूर्वक मेलमिलापकर्ताको रुपमा शपथ लिन्छु कि मैले मेलमिलाप सम्बन्धी प्रक्रियाको सिलसिलामा कुनै पक्ष प्रति मरमोलाहिजा नराखी, पक्षपात नगरी, गोपनियता र निष्पक्षता कायम गर्दै कानून र न्यायिक प्रक्रिया प्रति सम्मान तथा समर्पणको भावना राखी काम गर्नेछु। मैले मेलमिलाप सम्बन्धी यस कार्यविविध तथा प्रचलित कानून बमोजिम पालन गर्नु पर्ने आचरणको पूर्ण पालना गर्दै आफूलाई सुम्पिएको दायित्व इमान्दारीपूर्वक निर्वाह गर्नेछु।

| **शपथ लिनेको** | **शपथ गराउनेको** |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| कार्यालयः | पदः |
| मिति: | कार्यालयको छापः |
| | मितिः |

## अनुसूची–५

## (दफा २६ सँग सम्बन्धित)

### मेलमिलाप कार्यक्रमको प्रगती प्रतिवेदनको ढाँचा

(क) न्यायिक समितिको लागिः

(ख) पालिकाकोनामः

(ग) जिल्लाः ....................................

(घ) प्रदेशः .....................................

(ङ) प्रतिवेदनको अवधि: मिति: ......................... देखि .......................... सम्म

(च) मेलमिलापकर्ताको संख्या : ..........................

(छ) विवादको प्रकार :

(ज) विवादको संख्या :

(झ) मेलमिलाप भएको संख्या :

(ञ) मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाएको संख्या :

(ट) मेलमिलाप प्रक्रियामा महिला पुरुष रहेको संख्या जम्मा :

आज्ञाले

**शिवहरि दाहाल**

प्रमुख प्रशासकीय अधिकृत